नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग

# जिल्ला हुलाक कार्यालय

काभ्रेपलाञ्चोक

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

सूचना नम्बरः ३/२०८२/८३
प्रथम पटक प्रकाशित मितिः २०८२/०५/१२

यस जिल्ला हुलाक कार्यालय अन्तर्गतका हुलाक कार्यालयहरूमा तपसिलमा उल्लेखित रिक्त पदहरुमा स्थायी कर्मचारी सरुवा भै नआएसम्म करार सेवाका कर्मचारीहरूको कार्य सम्पादन स्तरको मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड २०७८ अनुसार कार्य सम्पादन मूल्याङ्कनको आधारमा सेवा नविकरण हुने गरी करार सेवामा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुको लागि दरखास्त आह्वान गरिएको छ।

**तपसिल**

| क्र.सं. | हुलाक कार्यालय | विज्ञापन नं. | पद/श्रेणी | संख्या |
|---|---|---|---|---|
| १ | हुलाक कार्यालय, मण्डनदेउपुर न.पा. | १/२०८२-८३ हल्कारा | हल्कारा, श्रेणी विहिन | १ |
| २ | हुलाक कार्यालय, पाँचखाल न.पा. | २/२०८२-८३ हल्कारा | हल्कारा, श्रेणी विहिन | १ |
| ३ | हुलाक कार्यालय, तेमाल गा.पा. | ३/२०८२-८३ हल्कारा | हल्कारा, श्रेणी विहिन | १ |
| ४ | हुलाक कार्यालय, भुम्लू गा.पा. | ४/२०८२-८३ हल्कारा | हल्कारा, श्रेणी विहिन | १ |
| ५ | हुलाक कार्यालय, खानीखोला गा.पा. | ५/२०८२-८३ हल्कारा | हल्कारा, श्रेणी विहिन | २ |

१. न्यूनतम शैक्षिक योग्यताः सामान्य नेपाली र अंग्रेजी लेखपढ गर्न सक्ने। माथिल्लो योग्यता भएको उम्मदेवारलाई प्राथमिकता दिइने।
२. आवेदन दिनु पर्ने अन्तिम मितिः २०८२/०५/१८ गते कार्यालय समयभित्र अन्तिम दिन बिदा भएमा कार्यालय खुलेको पहिलो दिनसम्म।
३. आवेदन बुझाउन सकिने निकायः जिल्ला हुलाक कार्यालय, काभ्रेपलाञ्चोक र सम्बन्धित हुलाक कार्यालयहरूमा सोझै वा यस कार्यालयको इमेल dpokavre11@gmail.com मा PDF Format मा पेश गर्न सकिनेछ।

**४. आवेदन साथ पेश गर्नु पर्ने कागजातः**

- आवेदन फाराम (यस कार्यालयको वेवसाइट https://kavre.nepalpost.gov.np/ डाउनलोड गर्न सकिनेछ।)
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- हुलाक सेवा सम्बन्धी अनुभव भए सेवा प्रमाणित पत्रको प्रतिलिपि,
- सवारी चालक अनुमति पत्र भए सोको प्रतिलिपि,
- राजश्व बुझाएको भौचरको प्रतिलिपि,
- विवाहित महिलाको हकमा स्थानीय बासिन्दाको अङ्क गणना गर्ने प्रयोजनका लागि विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,

५. फाराम दस्तुरः रू २००।- मात्र। एउटा विज्ञापन बाहेक थप विज्ञापनमा पनि दरखास्त दिन चाहेमा प्रत्येक विज्ञापनको लागि थप रू. १००।- लाग्नेछ। राजश्व बुझाउनको लागि(क) राजश्व शीर्षक नं.१४२२४ (परीक्षा दस्तुर) (ख) खाता रहेको बैंकः राष्ट्रिय बाणिज्य बैंक (ग) खाता नं. १०००१००२०००१००००(घ) कार्यालय कोड नं.-३५८०३२६०१
६. उम्मेद्वार छनोटका तरिका एबम् आधारहरु देहाय बमोजिम हुनेछ।

**(क) प्रथम चरण : सम्बन्धित कागजात एवम् योग्यताको स्क्रिनिङ।**

| क्र.सं. | सूचकहरू | पूर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता | १० |
| २ | हुलाक सेवा सम्वन्धी अनुभव | १५ |
| ३ | दुई पाङ्ग्रे सावारी साधन चलाउने सीप | १० |
| ४ | स्थानीयता | २५ |

पहिलो चरणमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेद्वारलाई मात्र दोस्रो चरणमा समावेश गरिनेछ।

**(ख) दोस्रो चरण : कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता।**

| क्र.सं. | विवरण | पूर्णाङ्क |
|---|---|---|
| १ | कम्प्यूटर सम्बन्धी सामान्य ज्ञान परीक्षण | १० |
| २ | अन्तर्वार्ता | ३० |

(ग) पहिलो र दोस्रो चरणमा उम्मेद्वारले प्राप्त गरेको कुल प्राप्ताङ्कको आधारमा उम्मेद्वार छनोट गरिनेछ।
(घ) छनोट सम्बन्धी अन्य व्यवस्था करार कर्मचारी पदपूर्ति समितिले तोकेको मापदण्ड बमोजिम हुनेछ।
७. तलब सुविधा तथा अन्य सुविधाः नेपाल सरकारको प्रचलित नियमानुसार।
८. उमेर हदः १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

थप जानकारीको लागि जिल्ला हुलाक कार्यालय काभ्रेपलाञ्चोकको सम्पर्क नं. ०११-४९०५९१ वा कार्यालयको इमेल dpokavre11@gmail.comमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ।